आज मिति २०७५ साल कार्तिक १५ गते विहिबारका दिन ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिकाका अध्यक्ष श्री **विश्वनाथ निरौला**ज्यूको अध्यक्षता तपसीलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयमा छलफल गरि निर्णय गरियो ।

**उपस्थिति :**

| पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|
| अध्यक्ष | विश्वनाथ निरौला | |
| उपाध्यक्ष | पुष्पकला भुजेल | |
| सदस्य | झन कुमार राई (नाछिरिङ) | |
| सदस्य | सन्तवीर तामाङ | |
| सदस्य | राजेशकुमार राजभण्डारी | |
| सदस्य | नैनकुमार राई | |
| सदस्य | दिलबहादुर राई | |
| सदस्य | मीनबहादुर राई | |
| सदस्य | फुलकमल राई | |
| सदस्य | जानुमाया राई | |
| सदस्य | छिरिङलमु तामाङ | |
| सदस्य | चमेली विश्वकर्मा | |
| सदस्य | लक्ष्मी विक | |
| सदस्य | खड्गबहादुर राई (नाछिरिङ) | |
| सदस्य | देवीचरण रम्तेल | |
| सचिव | जीवन निरौला | |

**अन्य उपस्थिति :**

| | | |
|---|---|---|
| नायब सुब्बा | युवराज फुयल | |
| उ·स· सदस्य | कल्पना कुमारी तिमल्सिना | |

निर्णय नं०- १. DPR तयारीको लागि वडा भेला सम्बन्धमा ।

यस गाउँपालिकाको भौतिक निर्माण सम्बन्धी सबै प्रकारका योजनाहरुको (विस्तृत परियोजना प्रतिवेदन) DPR तयारी गर्नको लागि सबै वडा कार्यालयहरुमा २०७८ मंसिर १८ गते भित्र वडामा वृहत्त भेला गरी तपसिल बमोजिमका शिर्षकमा एक / एक वटा योजना प्राथमिकीकरण गरी गाउँपालिकामा पठाउन वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल

१, सडक.
२, खानेपानी.
३. पर्यटन पूर्वाधार
४, सिंचाई
५, पुल (सडक + झोलुङ्गे)
६, भवन निर्माण
7,

निर्णय नं०२, आगेन छोलिङ बौद्ध गुम्बा प्रा.वि. लाई फर्निचर निर्माण सम्बन्धमा ।

यस गाउँपालिकाको वडा नं०. १, बगैनामा रहेको आगेन छोलिङ बौद्ध गुम्बा प्रा.वि. लाई फर्निचर निर्माण कार्यको लागि ४०,००० (चालिस हजार) गाउँपालिकाको पुँजिगत विविध शीर्षक बाट विद्यालयलाई विद्यालयबाट बिल भरपाई प्राप्त भएपछि विद्यालयको खातामा भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं०- ३, योजनाको नाम परिवर्तन सम्बन्धमा ।

यस गाउँपालिकाको वडा नं० ४ मा रहेका तपसिलका योजनाहरुको नाम परिवर्तन गर्न वडा कार्यालयबाट निवेदन माग भै आएकोले ती -

योजनाहरुको नाम परिवर्तन गरी गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

तपसील

| क्र.सं. | स्वीकृत योजनाको नाम | संशोधित योजनाको नाम |
| --- | --- | --- |
| १, | रैसेलुखर्क बाक्राचोल सडक सोलिङ तथा ग्राभेल | १, रैसेलुखर्क बाक्राचोल सडक स्तरोन्नती |
| २, | कालिखोला - चेवाली गाउँ पुरानो रोड ग्राभेल | २, कालिखोला - चेवाली गाउँ पुरानो रोड स्तरोन्नती |
| ३, | म्याग्रोबास - बुर्के - बिलबास सडक निर्माण | ३. बादेल - बिलबास सडक निर्माण |

निर्णय नं० - ४, पदाधिकारीहरुको लागि तालिम सञ्चालन सम्बन्धमा ।

यस गाउँपालिकामा रहेका सबै (6) वटै वडाका वडा सदस्यहरुलाई आफ्नो पदिय जिम्मेवारी, कानुनी अधिकार, योजना सञ्चालनको प्रभावकारिता लगायत विषयमा क्षमता अभिवृद्धि सम्बन्धि २ दिने तालिम पौष २३,२४ सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं० - ५, चंङखोला महादेवस्थान व्यवस्थापन सम्बन्धमा । यस गाउँपालिकाको वडा नं० ६ को चंङखोलामा रहेको महादेवस्थान स्नान गर्नको लागि बाटो निर्माणको लागि रु. ५०,००० (पचास हजार) प्राविधिक मूल्यांकन बमोजिम काम सम्पन्न भए पश्चात नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।